बैठक नं १

आज मिति २०८१।०४।१७ गते विहिबारको दिन दिउँसो २:०० बजे यस वराहपोखरी गाउँपालिकाका अध्यक्ष श्री शालिकराम बन्जाराज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी निम्न विषयमा छलफल एवं निर्णय गरियो।

उपस्थिति

| क्र सं | पद | पदाधिकारीको नाम र थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री शालिकराम बन्जारा | |
| २ | उपाध्यक्ष | श्री भुवलराज राई | |
| ३ | प्र.प्र.अ./सदस्य सचिव | श्री दिल कुमार अधिकारी | |
| ४ | सदस्य | श्री ढक बहादुर कार्की | |
| ५ | सदस्य | श्री पदम बहादुर मगर | |
| ६ | सदस्य | श्री तारा कुमार राई | |
| ७ | सदस्य | श्री सन्तोष आचार्य | |
| ८ | सदस्य | श्री फौदराज राई | |
| ९ | सदस्य | श्री दुर्गा बहादुर राई | |
| १० | सदस्य | श्री गणेश बहादुर परियार | |
| ११ | सदस्य | श्री पुर्ण बहादुर माझी | |
| १२ | सदस्य | श्री चिजा दर्जी | चिजा |
| १३ | सदस्य | श्री शोभा राई | |
| १४ | सदस्य | श्री कमला नेपाली | कमला |
| १५ | सदस्य | श्री मनिशा विश्वकर्मा | |

आमन्त्रित

१. छत्र बहादुर बस्नेत - लेखा अधिकृत

२. राजेन्द्र थापा - वि.प्र.अ.

३. राजेश पोखरेल - प्रशासन प्रमुख

**प्रस्तावहरु**

१. प्रतिबद्धता सम्बन्धमा।
२. सडकको ठेक्का सम्बन्धमा।
३. दररेट स्वीकृत सम्बन्धमा।
४. करार कर्मचारीहरुको करार म्याद थप सम्बन्धमा।
५. उपभोक्ता समिति मार्फत सञ्चालन हुने योजनाहरु सम्बन्धमा।
६. कार्यविधि सम्बन्धमा।
७. ढुंगा गिटी र बालुवाको ठेक्का सम्बन्धमा।
८. ई हाजिरी प्रयोग तथा व्यवस्थापन सम्बन्धमा।
९. भौतिक संरचनाको ल्याव टेस्ट तथा संरचना निर्माणमा ढुंगाको प्रयोग सम्बन्धमा।

**निर्णयहरु**

**निर्णय नं. १:** यस वराहपोखरी गाउँपालिकाको गाउँसभाको १५ औं अधिवेशनबाट स्वीकृत स्थायी पद तथा दरबन्दी अनुसारका कर्मचारीहरुको स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८० को दफा ५७ (७) मा भएको व्यवस्था कार्यान्वयन नहुन्जेलसम्म सोही ऐनमा भएको व्यवस्था अनुसार कर्मचारीहरुले पाउने सेवा सुविधा पालिकाबाट नै भुक्तानी गर्ने प्रतिवद्धता गरी स्थायी पद दर्ता गर्नको मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, कोशी प्रदेश, विराटनगर, नेपालमा पठाउने निर्णय गरियो।

**निर्णय नं. २:** यस गाउँपालिकाको चालु आ.व. २०८१।०८२ मा स्वीकृत योजनाहरुमध्ये ठेक्का प्रकृया मार्फत सञ्चालन हुने सडकहरुको ठेक्का सम्बन्धी सम्पूर्ण कार्यहरु अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. ३:** यस वराहपोखरी गाउँपालिकाको आ.व. २०८१।०८२ को आयोजना संचालनको लागि खोटाङ जिल्लाको आ.व. २०८१।०८२ लाई निर्धारण गरीएको जिल्ला दररेटले तोके बमोजिम कायम गर्ने। खोटाङ जिल्लामा नपाईने अन्य सामाग्रीहरुको हकमा उदयपुर जिल्लाको आ.व. २०८१।०८२ लाई निर्धारण गरेको जिल्ला दररेटले तोके बमोजिम कायम गर्ने। सो बाहेक खोटाङ र उदयपुरमा नपाईने सामानको हकमा अन्य जिल्लाको आ.व. २०८१।०८२ लाई निर्धारण गरेको जिल्ला दररेटले तोके बमोजिम दररेट कायम गर्ने निर्णय गरियो।

**निर्णय नं. ४:** यस कार्यालयमा कार्यरत करार कर्मचारीहरुलाई गत आ.व. २०८०।०८१ मा सम्पादन भएका निजहरुको कार्य सम्पादन मूल्याङ्कनका आधारमा तोकिएको तलवमान तथा सेवा सुविधा सहित नियमानुसार हाललाई चालु आ.व. २०८१।०८२ को पुस मसान्तसम्मका लागि सेवा करार सम्झौता नविकरण गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. ५:** यस चालु आ.व. २०८१।०८२ मा स्वीकृत वार्षिक योजनाहरुमध्येबाट (संघीय सरकार तथा प्रदेश सरकारको योजनाहरु बाहेक) रु. ८० लाखसम्मको योजनाहरु उपभोक्ता समितिमार्फत सञ्चालन गर्न गराउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो। योजना सञ्चालन हुनु पुर्व नै उपभोक्ता समिति तथा निर्माण व्यवसायीहरुले अनिवार्य रुपमा योजनाको सम्पूर्ण विवरण खुलेको सूचना पाटी लगाउने व्यवस्था मिलाउन तथा चालु आ.व. २०८१।०८२ मा स्वीकृत वार्षिक योजनाहरुमध्येबाट उपभोक्ता समितिमार्फत सञ्चालन हुने योजनाहरुलाई कुल विनियोजित रकमको (कन्टेन्जेन्सी बाहेक) २०% बराबरको पेश्की रकम उपलब्ध गराउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. ६:** यस गाउँपालिकाको ब्याक-हो लोडर, कृषि एम्बुलेन्स र एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक कार्यविधि बनाउन विधयक समितिलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. ७:** यस वराहपोखरी गाउँपालिका क्षेत्रभित्र IEE भएका खोला तथा नदिहरुको ढुंगा, गिटी, बालुवा संकलन तथा बिक्रिका लागि ठेक्का प्रकृया मार्फत आवश्यक व्यवस्थापन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।